नेपाल सरकार

**अर्थ मन्त्रालय**

# भन्सार विभाग

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि भन्सार विभागसंग सम्बन्धित २०७७ पौष महिना सम्मको विवरणहरू सोही दफाको उपदफा (४) बमोजिम अध्यावधिक गरी प्रकाशन गरिएको छ।**

**(क) निकायको स्वरूप र प्रकृतिः** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ बमोजिम स्थापित विभिन्न मन्त्रालयहरू मध्ये अर्थ मन्त्रालय मातहतमा रही राजस्व प्रशासन क्षेत्रसंग सम्बद्ध कार्यहरू गर्ने गरी विभाग स्तरको निकायको रूपमा भन्सार विभाग क्रियाशील रहेको छ।

**(ख) निकायको काम कर्तव्य र अधिकारः** भन्सार विभागका काम कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएका छन्:-

- भन्सार सम्बन्धी नीतिगत सुधारहरु प्रस्ताव गर्ने,
- व्यापार सहजीकरण सम्बन्धी कार्यहरू गर्ने,
- आयात निर्यातमा लाग्ने कर राजस्व सङ्कलन गर्ने,
- भन्सार महसुल सम्बन्धी कार्य र सो को पुनरावलोकन सुन्ने सम्बन्धी कार्य गर्ने,
- भन्सार दरबन्दी संशोधनको प्रारम्भिक प्रस्ताव तयार गर्ने र निर्णय भएपछि दरबन्दी पुस्तिका प्रकाशन गर्ने,
- कानून बमोजिम भन्सार महसुल छुट प्रदान गर्ने,
- वस्तु वर्गीकरण सम्बन्धमा पूर्वादेश जारी गर्ने,
- द्विविधा परेका वस्तुको वर्गीकरणको निर्णय गर्ने,
- भन्सार कार्यालयबाट भएका वस्तु वर्गीकरण सम्बन्धमा पुनरावलोकन सुन्ने,
- भन्सार एजेण्टको नियुक्ति, एजेण्टको इजाजतपत्रको नवीकरण तथा अनुगमन गर्ने,
- भन्सार मूल्याङ्कन तथा कारोबार मूल्यको अनुगमन गर्ने,
- भन्सार मूल्याङ्कनका सम्बन्धमा आवस्यकतानुसार पुनःमूल्याङ्कनको आदेश दिने,
- छनोटको आधारमा जाँचपास पछिको परीक्षण गराउने,
- मुद्दा तथा लिलामी सम्बन्धी भन्सार कार्यालयहरुको कार्यको अनुगमन, निर्देशन र समन्वय गर्ने,

- बण्डेड वेयर हाउस र बैङ्क ग्यारेन्टीको सुविधा प्रदान गर्नुका साथै सो कार्यको अनुगन गर्ने,
- निकासी पैठारी संकेत नम्बरको दर्ता,  नवीकरण,  निलम्बन र खारेज गर्ने,
- भन्सार जाँचपासका लागि आशिकुडा विस्तार, कार्यान्वयन र अनुगमन गर्ने,
- भन्सार प्रशासनलाई यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्न योजना बनाउने,
- राजस्वको दैनिक, मासिक र वार्षिक अभिलेख अद्यावधिक गर्ने,
- वार्षिक रुपमा बैदेशिक व्यापारको वस्तुगत तथ्याङ्क तयार गर्ने,
- रासायनिक पदार्थ तथा अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरण गर्ने,
- छिमेकी राष्ट्र एवं व्यापार साझेदार देशका भन्सार प्रशानसनसँग समन्वय र सहकार्य गर्ने,
- विश्व भन्सार संगठन र व्यापार सम्बद्ध अन्य अन्तर्राष्ट्रिय संगठनहरुसँग समन्वय र सहकार्य गर्ने,
- भन्सार कार्यालयहरुको नियमित अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्ने,
- भन्सारका दरहरुको माध्यमबाट स्वदेशी उत्पादन र उद्योगहरुको संरक्षण गर्ने,
- हानिकारक र गुणस्तरहीन वस्तुको आयात नियन्त्रण गरी समाजको सुरक्षा गर्ने.
- विभाग र कार्यालयको बजेट, तर्जुमा,  निकासा र बाँडफाँड गर्ने,
- बजेट खर्च तथा सो को अनुगमन गर्ने र लेखापरीक्षण गराउने,
- विभाग र मातहत कार्यालयहरुको भौतिक सम्पत्ति ब्यवस्थापन गर्ने गराउने,
- बेरूजु फर्छ्यौट गर्ने गराउने,
- विभाग तथा भन्सार कार्यालयहरूको जनशक्ति व्यवस्थापन गर्ने,
- स्वदेशी तालिममा कर्मचारी मनोनयन गर्ने, वैदेशिक तालिममा मनोनयनको लागि सिफारिस गर्ने,
- भन्सार विभागसंग सम्बन्धित उजुरीहरुको फछ्र्योट तथा गुनासोको सुनवाई गर्ने।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

**कर्चारी संख्याः**

- राजपत्राङ्कित प्रथम श्रेणी ( सा. प्रशासन) पद संख्या-३
- राजपत्राङ्कित द्वितीय श्रेणी (राजस्व) पद संख्या-८
- राजपत्राङ्कित द्वितीय श्रेणी (सा.प्रशासन) पद संख्या-१
- राजपत्राङ्कित द्वितीय श्रेणी (लेखा) पद संख्या-१
- राजपत्राङ्कित द्वितीय श्रेणी (केमिस्ट्री) पद संख्या-१
- राजपत्राङ्कित द्वितीय श्रेणी (तथ्याङ्क) पद संख्या-१

- राजपत्राङ्कित द्वितीय श्रेणी (विविध) पद संख्या-२
- राजपत्राङ्कित तृतीय श्रेणी (राजस्व) पद संख्या-२२
- राजपत्राङ्कित तृतीय श्रेणी (सा. प्रशासन) पद संख्या-२
- राजपत्राङ्कित तृतीय श्रेणी (लेखा) पद संख्या-१
- राजपत्राङ्कित तृतीय श्रेणी (सरकारी वकील) पद संख्य-१
- राजपत्राङ्कित तृतीय श्रेणी (इन्जि. विविध) पद संख्या-७
- राजपत्राङ्कित तृतीय श्रेणी (विविध) पद संख्या-२
- राजपत्राङ्कित तृतीय श्रेणी (तथ्याङ्क) पद संख्या-२
- राजपत्राङ्कित तृतीय श्रेणी (केमेस्ट्री) पद संख्या-२
- राजपत्राङ्कित तृतीय श्रेणी (मेकानिकल) पद संख्या-१
- राजपत्र अनङ्कित प्रथम श्रेणी (राजस्व) पद संख्या-२६
- राजपत्र अनङ्कित प्रथम श्रेणी (सा. प्रशासन) पद संख्या-२
- राजपत्र अनङ्कित प्रथम श्रेणी (लेखा) पद संख्या-१
- राजपत्र अनङ्कित प्रथम श्रेणी (केमेस्ट्री) पद संख्या-२
- हालुका सवारी चालक (मेकानिकल) पद संख्या-१०
- कार्यालय सहयोगी (सा. प्रशासन) पद संख्या-१२
- स्वीपर (सा. प्रशासन) पद संख्या-२

**कूल जम्माः ११२ जना**

**(ङ) सम्पादन गरेको कामको विवरणः**

**आ.व.२०७७/७८ पौष तथा पौष महिनासम्मको प्रगति विवरण**

| मासिक रुपमा सम्पन्न भएका मुख्य मुख्य कामको विवरण | | | | |
|---|---|---|---|---|
| क | परिमाण खुलाउन सकिने कामको विवरण | | | |
| सि.नं. | सम्पादित प्रमुख कामहरु | यो महिनाको प्रगति | चालु आ.व. को यो महिनासम्मको प्रगति | कैफियत |
| १ | भन्सार एजेन्ट इजाजतपत्र नविकरण | ० | १२ | |
| २ | वण्डेड वेयर हाउसको इजाजतपत्र | २ | २४ | |

| | | | | |
|---|---|---|---|---|
| | नविकरण | | | |
| ३ | वण्डेड वेयर हाउसको नयाँ इजाजतपत्र वितरण | ४ | ७ | |
| ४ | उजुरी सम्बन्धी कारवाही (फछ्यौट) | ५ | १९ | |
| ५ | सवारी साधनहरुको महसूल असुल गर्न भन्सार कार्यालयहरुलाई पत्र पठाइएको | ३ | १६ | |
| ६ | वस्तु वर्गीकरण | ३ | २५ | |
| ७ | कुटनैतिक सुविधा | ७५ | ४७६ | |
| ८ | महसुल सुविधा प्रदान गरिएको संख्या | ५४ | ३४१ | |
| ९ | आयोजना अन्य छुट | ६६ | ३२९ | |
| १० | अर्थ मन्त्रालयवाट आर्थिक विद्येयकको दफा १८ बमोजिम भएका छुट विवरण | ६ | ३९ | |
| ११ | बेरुजु फर्छ्योट (रु. हजारमा) | १३७८७३ | २११५१८ | |
| १२ | जोखिम व्यवस्थापन समितिको बैठक | ४ | १२ | |
| १३ | वस्तुहरुको प्रयोगशाला परीक्षण संख्या | १०१ | ४३१ | |
| १४ | Customs Management Team( CMT) बैठक | १ | ६ | |
| १५ | WAN अनुगमनवाट प्राप्त रकम | २,३७,४८,१७१।०० | ९,१७,५९,४७३।०० | |
| १६ | सेवाग्राही सेवा कक्षबाट सेवा प्रवाहको विवरणः | | | |
| | सेवाग्राहीको स्वयं उपस्थिति | ४१ | १६४ | |
| | टेलिफोनबाट सेवा प्रवाह | १९१ | ७८३ | |
| | ईमेलबाट सेवा प्रवाह | १८४ | ९५३ | |
| १७ | जारी भएको Exim Code संख्या | १९७ | ८९७ | |
| **ख** | **परिमाण खुलाउन नसकिने कामको विवरण** | | | |
| १ | मिति २०७७/०५/१३ गते अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री रामशरण पुडासैनी, राजश्व महाशाखाका प्रमुख श्री रामेश्वर दंगाल सहितको उपस्थितिमा भन्सारका महानिर्देशक श्री सुमन दाहालको अध्यक्षतामा | | | |

| | |
|---|---|
| | विभागका उपमहानिर्देशकहरु, निर्देशकहरु, शाखा अधिकृतहरु, त्रि.वि. स्थल र पिसिए कार्यालयका प्रमुखहरु समेतको सहभागितामा Virtual Zoom Meeting मार्फत **नीति कार्यान्वयन समिक्षा बैठक** सम्पन्न भई३३ वटा विषयमा निर्णय भई कार्यान्वयन प्रकृया अघि बढेको । |
| २ | मिति २०७७/०६/१६-१७ गते भन्सार विभागको सभा हलमा श्रीमान अर्थ सचिवज्यू, श्रीमान सचिवज्यू (राजस्व), महालेखा नियन्त्रकज्यू लगायत विशिष्ट व्यक्तित्वहरु, अर्थ मन्त्रालयका सहसचिव, विभागका महानिर्देशकज्यू, उपमहानिर्देशकज्यूहरु, निर्देशकहरु समेतको उपस्थिति र भन्सार कार्यालयका कार्यालय प्रमुखहरुको Virtual उपस्थितिमा भन्सार प्रशासन एवम् व्यवस्थापनका विविध विषयहरुमा छलफल तथा समिक्षा गरी आगामी कार्यदिशा सहित भन्सार व्वस्थापन गोष्ठी सम्पन्न गरिएको । |
| ३ | नेपालीहरुको महान चाड बडा दशैं, तिहार, छठ लगायतका चाडपर्वहरुको आगमन सँगै आयात निर्यातमा क्रमशः बृद्धि हुँदै गईरहेकोले कार्यालयबाट भन्सार जाँचपास गर्ने क्रममा मालबस्तुको ब्राण्ड, मोडेल, आकार, गुणस्तर, परिमाण, मूल्यांकन, दरबन्दी आदिको स्पष्ट घोषणा (Specific Declaration) गर्न लगाई सोको स्थानीय LAN मार्फत सुक्ष्म निगरानी गर्ने तथा Intelligence का अन्य माध्यमहरुको उपयोग गरी राजस्व चुहावट हुन नदिन जाँचपास प्रकृयामा थप सतर्कता अपनाउने सम्बन्धमा परिपत्र गरिएको । |
| ४ | सबै भन्सार कार्यालयहरुलाई राजस्व सङ्कलन, चोरी पैठारी नियन्त्रण, व्यापार सहजीकराण, मुद्दा व्यवस्थापन जस्ता विषयहरु समेटी २५ बुंदे निर्देशन पठाइएको । |
| ५ | तरकारी, फलफूल तथा खाद्यान्न जस्ता मालबस्तुहरुको जाँचपास गर्दा नियमानुसार परिक्षण प्रतिवेदन प्राप्त भएपश्चात मात्र जाँचपास गर्ने तथा यात्रु शाखाबाट हुने जाँचपासलाई थप व्यवस्थित बनाउने सम्बन्धमा भन्सार कार्यालयहरुलाई ३ बुंदे निर्देशन पठाइएको । |
| ६ | भन्सार विभागका महानिर्देशक, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुख र उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयका सहसचिवको उपस्थितिमा भन्सार कार्यालयका प्रमुखहरुसँग COVID-19 को सन्दर्भमा कार्यालयहरुले गर्नु पर्ने विशेष कार्य तथा राजस्व असुलीको विद्यमान अवस्थाको बारेमा छलफल सहितको Virtual Meeting श्रावणको पहिलो हप्तामा सम्पन्न भएको । |
| ७ | भन्सार विभागको आ.व. २०७६/७७ को मुख्य मुख्य कामहरुको प्रगति विवरण तयार भई विभागको वेवसाईटमा राखी सकिएको साथै जिल्ला तहका कार्यालयहरुको सूचना सहितको बिस्तृत प्रगति प्रतिवेदन मस्यौदा तयार भएको । |
| ८ | Nepal National Single Window (NNSW) कार्यान्वयन गर्ने सम्बन्धमा Quality Assurance and Advisory Service ( QAAS) खरिदका लागि परामर्शदाता कम्पनीसँग सम्झौता भई कार्य प्रारम्भ भएको । |
| ९ | सबै भन्सार कार्यालयहरुको अनुगमन गर्नको लागि विभागका निर्देशकहरुलाईTOR र कार्यक्षेत्र तोकी अनुगमन अधिकारीको रुपमा खटाईएको । |
| १० | केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिले गरेको निर्णय कार्यान्वयनको लागि भन्सार कार्यालयहरुलाई परिपत्र गरिएको । |
| ११ | भन्सार एजेन्टको संख्या थप गर्ने सम्बन्धमा निम्न कार्य भएकोः<br>१. भन्सार एजेन्ट छनोट (परीक्षा संचालन) कार्यविधि, २०७७ तयार भएको,<br>२. भन्सार एजेन्टको लिखित परीक्षाको पाठ्यक्रम तयार भएको ,<br>३. थप गर्न भन्सार एजेन्ट संख्या निर्धारण भएको , |

| | |
|---|---|
| | ४. भन्सार एजेन्टको इजाजतपत्र लिन चाहने इच्छुक व्यक्तिका लागि दरखास्त आह्वान गरिने सूचनाको नमूना तयार भएको ,<br>५. भन्सार एजेन्टको परीक्षा सञ्चालनको लागि भन्सार नियमावली, २०६४ को अनुसूची ५ र ६ संशोधन (मिति २०७७/०६/१४ गतेको सम्माननीय प्रधानमन्त्री तथा अर्थ मन्त्रीस्तरीय निर्णय) |
| १२ | आर्थिक ऐन, २०७७ को दफा १८ बमोजिम विभिन्न संघसंस्थाहरुलाई पटके रुपमा विभिन्न वस्तुहरुमा दिइएको महसूल छुटको प्राप्त भएको विवरण र अभिलेख अद्यावधिक गरिएको । |
| १३ | अर्थ मन्त्रालयबाट स्वीकृत आयोजनाहरुको माष्टर लिष्ट अनुसार छुटको विवरण अद्यावधिक गरिएको । |
| १४ | अर्थ मन्त्रालयबाट यस विभाग वा अन्तर्गत पदस्थापना/कामकाज गर्न खटाईएका कर्मचारीहरुलाई विभाग र अन्तर्गतका कार्यालयहरुमा कामकाज गर्न खटाईएको । |
| १५ | कर्मचारीहरुको कार्यसम्पादन मूल्याँकन सम्वन्धी कार्य सम्पन्न गरिएको । |
| १६ | कर्मचारीहरुको कार्य विवरण अध्यावधिक गर्ने कार्य गरिएको \| |
| १७ | अर्थ मन्त्रालय तथा अन्य निकायबाट प्राप्त निर्देशनहरुलाई भन्सार कार्यालयहरुमा परिपत्र गरिएको। |
| १८ | दीर्घकालीनरुपमा तथ्याङ्क व्यवस्थित तथा शुद्धीकरण गर्ने क्रममा Overall Statistical Software को Technical Design कार्य प्रारम्भ गरिएको । |
| १९ | सम्बन्धित भन्सार कार्यालयहरुलाई भन्सार तथ्याङ्कमा देखिएका सम्भाव्य गल्तीहरु सच्याउनका लागि Manually Feedback तयार गरी पठाइएको । |
| २० | MRP र Cost Sheet को ASYCUDA World System मा अपलोड भए/नभएको सम्वन्धमा मूल्याङ्कन शाखाबाट निरन्तर अनुगमन गरिएको । |
| २१ | भारत तथा तेस्रो मुलुकबाट मालवस्तु पैठारी हुँदा भन्सार कार्यालयले गरेको मूल्याङ्कन सम्बन्धमा Valuation Page को निरन्तर अनुगमन गरिएको । |
| २२ | मालबस्तुको आयात/निर्यातको प्रयोजनको लागि खोलिएका प्रतितपत्रको राष्ट्रबैंकमार्फत प्राप्त जानकारीको विश्लेषण गर्ने गरिएको । |
| २३ | भद्रपुर भन्सार कार्यालयको लागि जग्गा प्राप्त गर्न मन्त्रिपरिषदबाट स्विकृत प्राप्त भई प्रारम्भिक अधिकारी तोकी कार्य प्रकृया अगाडि बढेको । |
| २४ | मापन ईकाई समेटी भन्सार महसुल दरबन्दीआ.व.२०७७/७८ र Customs Tarriff,2020/21 प्रकाशन गरी विभागको वेवसाईटमा अपलोड गरिएको । |
| २५ | आन्तरिक राजस्व कार्यालय र भन्सार जाँचपास परीक्षण कार्यालयले संयुक्त परीक्षण (Joint Audit) गर्नका लागि आवश्यक कार्यविधि तयार गर्ने र Joint Audit गर्ने सम्बन्धमा कार्यविधि तयार गर्न यस विभागका उप-महानिर्देशकको संयोजकत्वमा अर्थ मन्त्रालय, आ.रा.वि, पि.सि.ए. कार्यालय र भन्सार विभाग समेतका प्रतिनिधि संलग्न कार्यटोली गठन भई कार्य प्रारम्भ भएको । |
| २६ | भन्सार विभाग, त्रि.वि.स्थल, तातोपानी, रसुवा, बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, सर्लाही, जलेश्वर, जनकपुर, सिराहा, ठाँढी, राजविराज,सुनसरी ,बिराटनगर, भद्रपुर, मेची र पशुपतीनगर भन्सार कार्यालयहरु र पि.सि.ए. कार्यालयमा बेरुजु सम्बन्धी Software लागू गरिएको । |

| | |
|---|---|
| २७ | CRMSAP (2017-2021) समीक्षा तथा नयाँ रणनीति योजना तर्जुमा गर्न निर्देशक समिति र समीक्षा तथा अवधारणा पत्र तयारी कार्य समूह गठन प्रकृया अगाडि बढाईएको ।<br>-पाँचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्ययोजनाको समीक्षा गर्न र छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्ययोजनाको तर्जुमा गर्न मिति २०७७ कार्तिक २५ गते भन्सार विभागमा प्रारम्भिक छलफल सम्पन्न भएको। SASEC CRM for TF अन्तर्गतको प्राविधिक सहायताबाट गर्ने गरी तोकिए बमोजिमका कार्य परामर्शदाता मार्फत गराउने निर्णय भए बमोजिम परामर्शदाता श्री कपिल घिमिरेले पाचौं चरणको कार्ययोजनाको समीक्षा गर्ने र नयाँ कार्ययोजनाको तर्जुमा गर्ने रुपरेखा प्रस्तुत गर्नुभएको। उक्त छलफल कार्यक्रममा भन्सार विभागका विभिन्न शाखा तथा भन्सार कार्यालयहरुबाट हालसम्म भएका प्रगतिको तथ्याङ्क एवम् सूचना उपलब्ध गराउने र सबै रणनीति सहितको सूचना सङ्कलन गर्ने फाराम परामर्शदाता श्री कपिल घिमिरेले तयार गर्ने निर्णय गरिएको। |
| २८ | EXIM Code को Online नवीकरणको व्यवस्था मिलाईएको र Software अद्यावधिक गर्ने कार्य NNSW System मा भईरहेको । |
| २९ | Nepal National Single Window (NNSW) र NECAS का बिच सूचनाको अदानप्रदान गर्नका लागि API (Application Program Interface) निर्माण भई Testing को क्रममा रहेको । |
| ३० | भन्सार ऐन,२०६४ को दफा १३(१७) बमोजिम १३ वटा Consignment हरुको पुनः मूल्य निर्धारणको लागि भन्सार कार्यालयहरुमा लेखी पठाईएको । |
| ३१ | -September 7, 2020 मा भन्सार विभाग र बिश्व बैंक बिच NNSW को कार्य प्रगतिको विषयमा Virtual Zoom Meeting मार्फत समीक्षा सम्पन्न भएको ।<br><br>- September 8, 2020 मा भन्सार विभाग र बिश्व बैंक,NNSW को बिकासकर्ता कम्पनी Webb Fountain र Quality Assurance and Advisory Service (QAAS)को परामर्शकर्ता SGS लगायतका सरोकारवालाहरुसँग Virtual समीक्षा बैठक समपन्न गरिएको ।<br><br>- September 11, 2020 मा बाणिज्य तथा आपूर्ति सचिवज्यूको अध्यक्षतामा बसेको Virtual समीक्षा बैठकमा Nepal India Regional Transport and Trade Project ( NIRTTP) अन्तर्गतका सबै Components को समीक्षामा NNSW को कार्यसम्पादन राम्रो रहेको भनी समीक्षा भएको । |
| ३२ | Plant Quarantine तथा विषादी व्यवस्थापन केन्द्र र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको Functional User Document (FUD) बनाउने कार्य सम्पन्न भएको।सो सम्बन्धमा भन्सार विभागका महानिर्देशकको संयोजकत्वमा Plant Quarantine तथा विषादी व्यवस्थापन केन्द्रसँग अन्तरक्रिया आयोजना गरी उक्त केन्द्रका लागि तयार गरिएको Functional User Document सो केन्द्रका प्रमुखलाई हस्तान्तरण गरिएको । |

| | |
|---|---|
| ३३ | "निष्क्रिय प्रज्ञापन पत्रफरफारक गर्ने सम्बन्धी निर्देशिका,२०७७" जारी भएको। |
| ३४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको आयोजनामा भएको Virtual Zoom Meeting मा सहभागी भई मिटिङको निर्णय अनुसार सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी पारस्परिक मूल्याँकनका लागि आवश्यक पर्ने Technical Compliance Questionnaire भर्ने कार्य शुरु भएको । |
| ३५ | भैरहवा भन्सार कार्यालयको Time Release Study (TRS) Report प्रकाशन गरिएको । |
| ३६ | एसियाली विकास बैंकको आयोजनामा सेप्टेम्बर ३०, २०२० मा SASEC Customs Subgroup को नबौं भर्चुअल बैठक सम्पन्न भएको छ। नेपालको तर्फबाट भन्सार विभागका महानिर्देशक सुमन दाहाल, उपमहानिर्देशक श्यामप्रसाद भण्डारी, निर्देशकहरु मुक्तिराम आचार्य एवम् ज्ञानेन्द्रराज ढकाल र अर्थ मन्त्रालयका उपसचिव सेवन्तक पोखरेल सहभागी हुनुभएको। |
| ३७ | एसियाली विकास बैंकको आयोजनामा अक्टोबर १, २०२० मा SASEC मिसनको भर्चुअल बैठक सम्पन्न भएको छ। SASEC को प्राविधिक सहायतासम्बन्धी उक्त भर्चुअल बैठकमा नेपालको तर्फबाट भन्सार विभागका महानिर्देशक सुमन दाहाल, उपमहानिर्देशक श्यामप्रसाद भण्डारी, निर्देशक मुक्तिराम आचार्य र शाखा अधिकृत भरतमणि सापकोटा सहभागी हुनुभएको। उक्त बैठकमा SASEC को कार्ययोजना बमोजिमका कार्य र अर्को Policy-Based Lending(PBL) को सम्भावित कार्ययोजनाको बिषयमा छलफल भएको। |
| ३८ | त्रिभुवन बिमानस्थल भन्सार कार्यालयबाट सम्पादन हुने कामलाई सुधार गर्ने तथा समग्र विषयको सुधार गर्न विभागका उपमहानिर्देशक श्यामप्रसाद भण्डारीज्यूको संयोजकत्वमा मिति २०७७ कार्तिक १८ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा बैठक बसेको। उक्त बैठकबाट उक्त भन्सार कार्यालयको सुधारका लागि यस पूर्व भएका अध्ययन प्रतिवेदनको Review गरी हालसम्म सान्दर्भिक विषयलाई अध्ययनको विषय बनाउने, अन्तर्राष्ट्रिय विमानस्थलहरुको International Best Practices को Ideal list तयार गर्ने, त्रि. वि. स्थल भन्सार कार्यालयका कर्मचारीहरु, भन्सार एजेण्ट, फ्रेड फरवार्डस लगायतका सरोकारवालासँग समेत छलफल गरी सुझाव लिने र विभागको स्वीकृत कार्यदिश बमोजिम क्षेत्रगत रुपमा सबै क्षेत्रमा तत्कालीन र दीर्घकालीन सुधार सहितको प्रतिवेदनको ढाँचाको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय भएको। |
| ३९ | भन्सार विभागका महानिर्देशकज्यू र खाद्य प्रविधि गुण नियन्त्रण विभागका महानिर्देशक समेतको उपस्थितिमा नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा सो केन्द्रको LPCO ( License, Permit, Certificate & Others) विकासको हालसम्म भएको प्रगतिका सम्बन्धमा छलफल तथ अन्तरक्रिया बैठक सम्पन्न भएको तथा नेपाल हस्तकला महासंघका पदाधिकारीहरु/कर्मचारीहरुसहित सो महासंघको LPCO Module को Demo प्रस्तुतिकरण गरिएको। |

| | |
|---|---|
| ४० | NNSW र ASYCUDA System बीच भन्सार जाँचपासको क्रममा आवश्यक पर्ने LPCO Document हरुको write off सम्बन्धमा "Do write off in ASYCUDA Side directly" भन्ने विकल्प छनौट गरि नियमितरुपमा भन्सार विभाग, प्रणाली विकासकर्ता कम्पनी र UNCTAD बीच छलफल भई API निर्माण सम्बन्धी कार्य भईरहेको । |
| ४१ | NNSW को विकासकर्ता कम्पनी Webb Fontaine Group, UAE बाट प्रणालीको लागि Phase-2 मा उपलब्ध हुने सम्झौता बमोजिमका ICT Hardware का सामानहरुलाई यस विभागको Data Center मा व्यवस्थापनार्थ विभागका महानिर्देशकज्यूको संयोजकत्वमा बसेको बैठकको निर्णयानुसार विभिन्न विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यटोली गठन गरिएको । |
| ४२ | वैदेशिक व्यापार तथ्याँक, २०७६।७७ पुस्तक तयार भई प्रकाशन भएको । |
| ४३ | भन्सार कार्यालयहरुको लागि कार्यसम्पादन सूचकहरुको कार्यान्वन गर्ने Software निर्माण भएको । प्रत्येक कार्यालयमा Focal Person तोकिएको र Focal Person हरुको लागि Zoom मार्फत Online Training संचालन गरिएको । |
| ४४ | Tariff Specification Code-TSC को विकास गरी कार्यान्वयन गर्ने सन्दर्भमा उपमहानिर्देशकको संयोजकत्वमा एक कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको । |
| ४५ | नेपाल-बंगलादेशबीच हुने भन्सार सहयोग सम्बन्धी सम्झौताको मस्यौदा तयारी कार्यदलको प्रथम बैठक मिति २०७७ कार्तिक २५ गते भन्सार विभागमा सम्पन्न भएको। उक्त बैठकबाट कार्यदलले प्रारम्भिक मस्यौदा तयार गर्ने र पृष्ठपोषणका लागि सबै शाखाका निर्देशकहरुलाई पठाउने, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रतिनिधि माग गर्ने र प्रतिनिधिको राय/ प्रतिक्रिया समेत समाहित गरी आगामी बैठकमा भन्सार सहयोग सम्बन्धी सम्झौताको मस्यौदा पेश गर्ने निर्णय गरिएको। |
| ४६ | पाचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्ययोजनाको समीक्षा गर्न र छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्ययोजनाको तर्जुमा गर्न मिति २०७७ कार्तिक २५ गते भन्सार विभागमा प्रारम्भिक छलफल सम्पन्न भयो। SASEC CRM for TF अन्तर्गत प्राविधिक सहायताबाट गर्ने गरी तोकए बमोजिमका कार्य परामर्शदाता मार्फत गराउने निर्णय भए बमोजिम परामर्शदाता श्री कपिल घिमिरेले पाचौं चरणको कार्ययोजनाको समीक्षा गर्न र नयाँ कार्ययोजनाको तर्जुमा गर्ने रुपरेखा प्रस्तुत गर्नुभयो। उक्त छलफल कार्यक्रमा भन्सार विभागका विभिन्न शाखा तथा भन्सार कार्यालयहरुबाट हालसम्म भएका प्रगतिको तथ्यांक एवम् सूचना उपलव्ध गराउने र सबै रणनीति सहितको सूचना सङ्कलन गर्ने फाराम परामर्शदाता श्री कपिल घिमिरेले तयार गर्ने निर्णय गरियो । |
| ४७ | नेपाल-बंगलादेशबीच हुने भन्सार सहयोग सम्वन्धी सम्झौताको मस्यौदा तयारी कार्यदलको प्रथम बैठक मिति २०७७ कार्तिक २५ गते भन्सार विभागमा सम्पन्न भएको छ । उक्त बैठकवाट कार्यदलले प्रारम्भिक मस्यौदा तयार गर्ने र पृष्ठपोषणका लागि सबै शाखाका निर्देशकहरुलाई पठाउने, कानून , न्याय तथा संसदीय |

| | |
|---|---|
| | मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रतिनिधि माग गर्ने र प्रतिनिधिको राय/प्रतिक्रिया समेत समाहित गरी आगामी बैठकमा भन्सार सहयोग सम्बन्धी सम्झौताको मस्यौदा पेश गर्ने निर्णय गरिएको छ । |
| ४८ | NNSW को System Operation मा सहयोग पुर्याउने गरी Help Desk निर्माण गर्ने कार्य सम्पन्न भएको । |
| ४९ | नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा कार्यान्वयनको सन्दर्भमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको लागि तयार गरिएको LPCO ( License, Permit, Certificate & Others)Module र Inspection Module को Soft Launch गर्नका लागि सो विभागसँग गरिने समझदारी सम्झौता (MoU) को Draft तयार गरी सैद्धान्तिक सहमतिका लागि अर्थ मन्त्रायय समक्ष पेश गरिएको |
| ५० | नेपाल राष्ट्रिय एकद्धार प्रणाली कार्यान्वयनको सन्दर्भमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका कर्मचारीहरुलाई तालिम प्रदान गरिएको साथै प्रणाली विकासकर्ता कम्पनीसँग भएको सम्झौता बमोजिम उक्त विभागलाई प्रदान गरिने कम्प्युटर तथा उपकरणहरु हस्तान्तरण गर्ने कार्य भइरहेको । |
| ५१ | प्रणाली विकासको सन्दर्भमा पुरातत्व विभाग, गुणस्तर तथा नापतौल विभाग, वन तथा भू-संरक्षण, कन्सुलर विभाग, नेपाल दुरसंचार प्राधिकरणसँग छलफल तथा बैठक गरिएको छ । |
| ५२ | कार्य सम्पादन सूचकको कार्यान्वयन कार्यविधि, २०७७ जारी भएको । |
| ५३ | छनौट प्रणाली कार्य सञ्चालन निर्देशिका, २०७७ जारी भएको । |
| ५४ | जाँचपास पछिको परीक्षण कार्यको लागि छनौट गरी भन्सर जाँचपास तथा परीक्षणको कार्यालयमा परिक्षणका लागि परीक्षण संख्या १०० वटा, प्रोडक्टको आधारमा ३० वटा र फर्मको आधारमा २० वटा गरी जम्मा १५० वटा लेखि पठाईएको । |
| ५५ | भन्सार व्यवस्थापन गोष्ठीमा प्राप्त सुझावहरुलाई समेटी Valuation Database लाई अध्यावधिक गरी सवै कार्यालयहरुमा पठाईएको । |
| ५६ | कुटनैतिक सुविधा अन्तरगत महसुल छुटमा पैठारी भएका ३० वटा सवारी साधनको महसुल असुलीको लागि भन्सार कार्यालयहरुलाई लेखि पठाईएको । |
| ५७ | नेपाल र भारतको भन्सार प्रशासनबीच आ-आफ्नो तर्फवाट प्रस्तावित मस्यौदा आदान-प्रदान भएको । यसै सन्दर्भमा २०७७ मंसिर १२ गते नेपाल र भारतको भन्सार प्रशासनबीच भर्चुअल माध्यमवाट छलफल भएको । |
| ५८ | आर्थिक ऐन, २०७७ को दफा १८ बमोजिम विभिन्न संघ संस्थाहरुलाई पटके रुपमा विभिन्न बस्तुहरुमा दिइएका छुटको प्राप्त भएको विवरण र अभिलेख अद्यावअधिक गरिएको । |
| ५९ | विभिन्न आयोजनाहरुको स्वीकृत माष्टर लिष्ट अनुसार अर्थ मन्त्रालयबाट विभिन्न मितिमा दिइएको छुटको |

| | |
|---|---|
| | विवरण र अभिलेख अद्यावधिक गरिएको । |
| ६० | त्रि.वि.स्थल भन्सार कार्यालयवाट शंकास्पद ठानिएका छ थान नमुनाको परीक्षण गर्दा सुनको मात्रा पाइएको । |
| ६१ | विभागको राय सहित दुई मालवस्तुको बस्तु वर्गीकरण रायको लागि विश्व भन्सार संगठन पठाइएको । |
| ६२ | वीरगंज, सुख्खा वन्दरगाह भन्सार कार्यालय, विराटनगर, सुनसरी, राजविराज, भैरहवा, कृष्णनगर, सुठौली र महेशपुर भन्सार कार्यालयहरुको स्थलगत अनुगमन गरिएको । |
| ६३ | हेलो सरकार मार्फत विभागमा प्राप्त हुन आएका भन्सार सम्बन्धी सबै गुनासोहरूको सम्बोधन र फछ्र्योट गरिएको। |

**(च) सूचना अधिकारीको नाम र पदः** शिशिर घिमिरे, निर्देशक

**(छ) सम्बद्ध ऐन, नियम, विनियम र निर्देशिकाहरूको सूची :**

**ऐनहरुको सूची :**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरू,
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- करार ऐन २०५६,
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- मदिरा ऐन,२०३१
- अन्तःशुल्क ऐन, २०५८
- आयकर ऐन, २०५८
- राजस्व न्यायाधीकरण ऐन,२०३१
- उपभोक्ता संरक्षण ऐन, २७५
- वातावरण संरक्षण ऐन, २०५३
- पशु स्वास्थ्य  तथा पशुसेवा ऐन, २०५५

- निजामति सेवा ऐन, २०४९

**नियमहरूको सूची :**

- भन्सार नियमावली, २०६४
- विदेशी विनिमय नियमहरू, २०२०
- सार्वजनिक खरिद नियमावली,२०६४
- निकासी पैठारी नियमहरू, २०३४
- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली,२०७३
- मूल्य अभिवृद्धि कर नियमावली,२०५३
- मदिरा नियमावली,२०३३
- अन्तःशुल्क नियमावली, २०५९
- आयकर नियमावली, २०५९
- निजामति सेवा नियमावली, २०५०

**विनियम, निर्देशिका, कार्यविधि वा आदेशहरूको सूचीः**

- जाँचपास पछिको परीक्षण कार्यविधि,२०७२
- न्यून विजकीकरणको सामान खरिद गर्ने निर्देशिका,२०७३
- कर्मचारी सरूवा निर्देशिका,२०७१
- भन्सार मूल्याङ्कन निर्देशिका,२०६८
- भन्सार कार्यविधि,२०६७
- निकासी पैठारी संकेत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३
- प्रज्ञापनपत्र पुनरावलोकन निर्देशिका, २०७३
- निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धी निर्देशिका, २०७७
- छनोट प्रणाली कार्य सञ्चालन निर्देशिका,२०७७
- प्रज्ञापनपत्र संशोधन सम्बन्धी मार्ग निर्देशन, २०६९
- प्रयोगशाला परीक्षण तथा वस्तु वर्गीकरणका निमित्त मालवस्तुको नमूना संकलन तथा प्रेषण सम्बन्धी कार्यविधि, २०७३
- प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८
- भन्सार प्रयोगशाला कार्यविधि, २०७१

- यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना, २०७७
- मालवस्तुको वर्गीकरण तथा उत्पत्ति सम्बन्धमा पूर्वादेश जारी गर्ने सम्बन्धी नेपाल राजपत्रमा मिति २०७६/१०/२० गते प्रकाशित सूचना
- Un Convention against tariff in Narcotic Drugs and Psychotropic substances,1998
- Single Convention on Narcotic Drugs,1961
- Convention on International Trade in Endangered species of wild Fauna and Flora (CITES)
- WCO GATT Valuation Guidelines
- WCO SAFE Framework Guidelines
- WCO PCA Guidelines Volume I
- WCO PCA Guidelines Volume II
- WCO HS Classification and Nomenclature

### (ज) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणः

| आर्थिक वर्ष | खर्च शीर्षक | वार्षिक बजेट रू. | ०७७ पौषसम्म खर्च भएको रू. | प्रतिशत |
|---|---|---|---|---|
| २०७७/०७८ | चालु खर्च | २४५,७७५,०००.०० | ७१,५२१,२०८.०० | २९.१० |
| | पुंजीगत खर्च | ९६५,१५०,०००.०० | ५,२५५,८१५.०० | ०.५४ |

### (झ) राजस्व आम्दानी सम्बन्धी विवरणः

| सि. नं. | राजश्व शीर्षक | २०७७ पौष महिनाको रू. हजारमा | | | २०७७ पौष महिनासम्मको रू. हजारमा | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य रू. | असुली रू. | प्रगति% | लक्ष्य रू. | असुली रू. | प्रगति% |
| १ | भन्सार महसुल | २१,८०,०९७५ | १८,४६,२९१६ | ८४.६९ | ९६,४४,९३७९ | ९१,५२,८०५७ | ९४.९० |
| २ | मू. अ. कर | २३,८६,१९२८ | १४,९९,५७९० | ६२.८४ | ९५,०५,६२५५ | ७४,००,४४८२ | ७७.८५ |
| ३ | अन्तःशुल्क | ४,५२,६४०९ | ३,७८,९७०५ | ८३.७२ | २८,२९,००४५ | २४,१६,००३६ | ८५.४० |
| ४ | सडक सुधार शुल्क | - | ५९,९९६६ | - | - | २,६२,१०३२ | - |
| ५ | सडक निर्माण दस्तुर | - | ७२,६०१८ | - | - | ४,९२,६९५६ | - |
| कुल जम्मा | | ५०,१८,९३१२ | ३८,५७,४३९३ | | २१९,८०,५६७९ | १९७,२४,०५६३ | ८९.७३ |